# नेपाल स्टक एक्सचेन्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)

**पत्र संख्या :**
चलानी नं. :

## प्रेस विज्ञप्ति

कोभिड-१९ महामारीलाई दृष्टिगत गर्दै भौतिक दूरी कायम राखी दोस्रो बजार कारोबार गर्न/गराउन, नेप्सेले अनलाईन कारोबारलाई थप सहज बनाउने तथा नेप्से तथा सदस्य दलाल व्यवसायीले प्रदान गर्दै आइरहेको सेवालाई मानवीय सम्पर्क यथासम्भव कम गरी सञ्चालन गर्ने उद्देश्यले केही नयाँ व्यवस्थाहरु गरिएको सर्वविदितै छ। यसै क्रममा लगानीकर्ताले अनलाईन कारोबार गर्नका लागि युजरनेम र पासवर्ड लिने तथा ग्राहक पहिचान विवरण (केवाइसी) लाई अद्यावधिक गर्न सम्पूर्ण सदस्य दलालहरुको टिएमएस लिंकमा ( https://newweb.nepalstock.com.np/brokers) अनलाईन रजिस्ट्रेसन सुविधा उपलब्ध गराइएको छ। उक्त लिंकमा गई रजिस्टर लेखिएको ठाउँमा क्लिक गरेपछि आफ्ना विवरणहरु भरेर युजरनेम तथा पासवर्ड लिन तथा केवाइसी अद्यावधिक गर्न/ गराउनुहुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ। यसबाट बढीभन्दा बढी प्रयोगकर्ताहरु अनलाइन कारोबारमा सहभागी हुन सक्ने विश्वास नेप्सेले लिएको छ।

मिति : २०७७/०५/०९

(मुराहरि पराजुली)
प्रवक्ता

**पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल।**
**P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : info@nepalstock.com**